# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः४ प्रकाशन मितिः२०८०/०९/०५

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-१**

**वातावरण संरक्षण तथा फोहोरमैला व्यावस्थापन ऐन -२०८०**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/०२

म्याग्दे गाउँपालिका, तनहुँ

# वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन गर्न बनेको ऐन-२०८०

**प्रस्तावनाः** स्थानीयस्तरमा आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी, जैविक विविधतालाई कायम राखी, फोहरमैलाबाट जनस्वास्थ्य र वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी सरसफाईलाई व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा गाँउ पालिकाका नागरिकको स्वच्छ र स्वस्थ वातावरण बाँच्न पाउने हकलाई सुनिश्चित गर्न प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण तथा सरसफाई व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी म्याग्दे गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्ता र र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन म्याग्दे गाँउपालिका भर लागु हुनेछ ।

(३) यो ऐन गाँउपालिकाको राजपत्रमा सूचना प्रकाशन गरे देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र समय समयमा राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ख) "फोहरमैला व्यवस्थापन स्थल" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि गाँउपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

(ग) "फोहरमैला संकलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर–घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई संकलन गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "फोहरमैला संकलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(ङ) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

(च) "प्रदूषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(छ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(ज) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(झ) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ञ) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न गाँउपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला संकलन गर्न आउने गाँउपालिकाले तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला संकलन गर्ने साधन समेतलाई जनाउनेछ ।

(ट) "समिति" भन्नाले ऐन बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ठ) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनुपर्छ ।

(ड) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु–स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ । यसको साथै सो कार्य संग सम्बन्धित अन्य मन्त्रालय तथा प्रदेशको मन्त्रालय समेत जनाउने छ ।

(ण) "तोकिएको" वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहरमैला सम्झनु पर्छ ।

(थ) "कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

(द) "ढुवानी" भन्नाले संकलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा गाँउपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(न) "वातावरण" भन्नाले प्राकृतिक सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(प) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बद्र्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(फ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य , भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना वा आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यन्वयन गर्न स्विकृति प्राप्त व्यक्ति,सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(भ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(म) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(य) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस ग्यास, लेदो, धूवाँ, धुलो, विकिरणयूक्त तत्व वा त्यस्तै प्रकारको अन्य वस्तुहरु सम्झनु पर्छ ।

(र) "निष्काशन" भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

ड्राफ्ट

## परिच्छेद-२

# फोहरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

३. **फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी:**

(१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने दायित्व गाँउपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी गाँउपालिकाको हुनेछ ।

४. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व:**

(१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाँउपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रसायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन गाँउपालिकालाईअनुरोध गरेमा वा गाँउपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाँउपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

५. **फोहरमैलाको उत्पादन कम गर्ने:**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टीकरणः** "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. **फोहरमैलाको पृथकीकरण:**

(१) गाँउपालिकाले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाँउपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाँउपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

७. **फोहरमैलाको निष्काशन:**

(१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका गाँउपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

८. **फोहरमैला संकलन केन्द्र तोक्ने:**

(१) गाँउपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको वा अन्य ढुवानी साधनको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका गाँउपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **फोहरमैलाको ढुवानी:**

(१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाँउपालिका वा त्यस्तो निकायले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी गर्दा गाँउपालिकाले दफा ४ बमोजिम स्रोतमा छुट्याई निष्काशन तथा संकलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

१०. **फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग:**

(१) गाँउपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग गाँउपालिकाले समन्वय गर्न सक्नेछ ।

११. **स्थानान्तरण केन्द्र तोक्ने:**

(१) गाँउपालिकाले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ ।

१२. **फोहरमैला व्यवस्थापन स्थलः**

(१) गाँउपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाँउपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्दा निजीक्षेत्रको निजी जग्गामा समेत फोहरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ ।

(४) गाँउपालिकाले उपदफा (१) वा (२) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी उपलब्ध गराउनको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(५) दुई वा सोभन्दा बढी गाँउपालिकालाईएउटै फोहरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तहबीच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा मन्त्रालयले फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(६) गाँउपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(९) गाँउपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको क्षेत्रमा पशुपक्षी, जीवजन्तु तथा मानवको अनधिकृत प्रवेशलाई रोक लगाउने, ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारी गरी लागू गर्न सक्नेछ।

## परिच्छेद-३

# फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१३. **अनुमति सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम गाँउपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः–

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित गाँउपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई गाँउपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने:**

(१) गाँउपालिकाले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १३ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछः–

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

१५. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने:**

(१) गाँउपालिकाले दफा १३. बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः–

(क) गाँउपालिकालाईबुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए गाँउपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधीनमा रही दफा १९ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

१६. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः**

(१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि गाँउपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गाँउपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति गाँउपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

१७. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः**

(१) गाँउपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

## परिच्छेद-४
## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

१८. **सेवा शुल्क उठाउन सक्नेः**

(१) गाँउपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा गाँउपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित गाँउपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले स्थानीय तहसँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे

बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाँउपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

१९. **सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

(१) गाँउपालिकाले दफा १८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न दफा १३ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १८ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाँउपालिकालाईदिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा १८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-५
## प्रदूषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

२०. **प्रदूषण नियन्त्रणः**

(१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व गाँउपालिकाको हुनेछ ।

(२) संकलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस ऐन बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

२१. **फोहरमैला व्यवस्थापनको अनुगमनः**

(१) गाँउपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि गाँउपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन सम्बन्धित गाँउपालिका समक्ष दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा गाँउपालिकाले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

२२. **फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः**

(१) गाँउपालिकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाँउपालिकाले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछः–

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम ।

(३) गाँउपालिकाले सम्बन्धित समुदायसंग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नु पर्नेछ ।

(५) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ ।

(६) फोहरमैलाको व्यवस्थापन स्थलको कारणले गम्भीर प्रभावित क्षेत्र र प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक विकास एवं वातावरण संरक्षणमा सुझाव दिन स्थानीय स्तरमा तोकिए बमोजिमको समिति गठन गर्न सकिनेछ ।

२३. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनः**

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

२४. **फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायको अभिलेख राख्नेः**

(१) प्रत्येक गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा गाँउपालिकाले तोकेको अन्य विवरण समेत उल्लेख गर्न सकिनेछ ।

२५. **जानकारी गराउनु पर्नेः**

कसैले विदेशी व्यक्ति, संघ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गाँउपालिका र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

परिच्छेद-६

## वातावरण संरक्षण सम्वन्धी व्यवस्था

२६. **प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने:**
गाँउपालिकामाविद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू–उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्नु भन्दा पूर्व कार्यन्वयन निकाय वा व्यक्ति वा संस्थालेप्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ ।

२७. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने:**
यो ऐन प्रारम्भ भएपछि कसैले पनि गाँउपालिका वा सम्बन्धित निकाय वा मन्त्रालयबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न, गराउन हुँदैन ।

२८. **प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने:**
कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि गाँउपालिका वा गाँउपालिका वा सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

२९. **प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने**

(१) दफा २८ बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा गाँउपालिका वा सम्बन्धित निकायले सो प्रस्ताव साथ संलग्न प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रस्तावको हकमा गाँउपालिकाले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवदेन सम्बन्धमा आफनो राय सहित सो प्रस्ताव सम्वन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवदेनजाँचबुझ गर्दा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नु पर्ने देखिएमा गाँउपालिकाले सो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन गर्न आदेश दिन सक्नेछ । यसरी सम्बन्धित निकायले दिएको आदेश बमोजिम कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन गरी प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा सो प्रस्ताव उपर आवश्यक जाँचबुझ गरी आफनो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै प्रस्ताव साथ वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन प्राप्त भएमा मन्त्रालयले प्रचलित कानून अनुसार गरी स्विकृति दिनेछ ।

(४) प्रस्तावकोप्रारम्भिक वातावरणीय परीक्षण तथा स्विकृति  गर्दा अपनाउने कार्यविधि गाँउपालिकाले प्रचलित कानूनको आधारमा तय गरे बमोजिम हुनेछ ।

३०. **रोक लगाउन सक्ने:**

(१) कसैले कुनै प्रस्ताव दफा २९ बमोजिम स्वीकृति नलिई कार्यान्वयन गरेमा वा स्वीकृत भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा तोकिएको अधिकारीले दफा ३८को उपदफा (१७) र (१८) बमोजिम त्यस्तो प्रस्ताव कार्यान्वयनमा तुरुन्त रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा प्रस्तावकले कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयनमा रोक लगाइएको प्रस्ताव मध्ये स्वीकृति नलिएको प्रस्तावको हकमा दफा २९ बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृति प्राप्त गरेमा र स्वीकृत भए भन्दा विपरीत कार्यान्वयन भएको प्रस्तावको हकमा प्रस्ताव बमोजिम हुने गरी सुधार गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रस्तावको कार्यान्वयन फुकुवा गर्न सक्नेछ ।

३१. **प्रदूषणको रोकथाम तथा नियन्त्रण:**

(१) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जन जीवन र जन स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१)विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(४ ) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

३२. **वातावरण निरीक्षक:**

(१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन गाँउपालिकाले तोकिएको योग्यता पुगेका आफ्नै  कुनै अधिकृतलाई वातावरण निरीक्षक नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी  तोक्न सक्नेछ ।

(२) वातावरण निरीक्षकको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वातावरणप्रदूषण हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ । वातावरण निरीक्षकहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै ठाँउमा ध्वनी,ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिंदा तोकिएका शर्तहरू बमोजिम काम भए नभएको जाँचबुझ तथा निरिक्षण गर्ने ।

(घ) खण्ड (क),(ख),(ग) बमोजिम निरिक्षण गर्दा देखिएका कुराहरूको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने ।

(३) उपदफा (२) बमोजिम को खण्ड (क), (ख), (ग) बमोजिम निरिक्षण गर्ने सिलसिलामा वातावरण निरिक्षकले सम्बन्धित व्यक्ति,सस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निरिक्षणको सिलसिलामा वातावरण निरिक्षकलाई सम्बन्धित ब्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम वातावरण निरिक्षकले निरिक्षण गर्न जाँदा कुनै ब्यक्ति वा संस्थाले निरिक्षण गर्न नदिएमानिरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः

(क) निरीक्षण गर्न नदिएमा वानिरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रूपैयाँसम्म ,

(ख) निरीक्षण गर्न सहयोग नगरेमा पन्ध्र हजार रूपैयाँसम्म ।

(६) उपदफा (५) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने गाँउपालिका न्यायिक समितिमा समक्ष उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा गाँउपालिकाको न्यायिक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३३. **नमूना संकलन गर्न दिनु पर्नेः**

कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनी, ताप तथा फोहर मैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले गाँउपालिका वा सम्बन्धित निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

## परिच्छेद- ७
## वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन समितिको गठन

३४. **समितिको गठनः**

(१) गाँउपालिकाले वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नु पर्ने नीति,योजना,कार्यक्रम तर्जुमातथा सो सम्वन्धी परामर्श दिनको लागि एक वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः–

(क) अध्यक्ष , सिद्धेश्वर गाँउपालिका – अध्यक्ष

(ख) उपाध्यक्ष,सिद्धेश्वर गाँउपालिका – सदस्य

(ग) सबै वडा अध्यक्षहरु – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) गाँउपालिकाले सरसफाई क्षेत्रमा काम गरेका वा योगदान दिएका मध्येबाट मनोनयन गरेका कम्तीमा दुई जना महिला, एक जना दलित सहित ५ जना – सदस्य

(च) प्रतिनिधि, वजार तथा व्यापार वाणिज्य क्षेत्र – सदस्य

(छ) वातावरण तथा फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्यरत सामुदायिक संस्थाहरुमध्येबाट समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि एकजना – सदस्य

(ज) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(झ) प्रतिनिधि, जिल्ला समन्वय समिति – सदस्य

(ञ) प्रतिनिधि, गाँउपालिका स्थित सुरक्षा प्रमुखहरू – सदस्य
प्रतिनिधि, गाँउपालिकास्थित राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दल – सदस्य
(ट) प्रमुख, योजना शाखा – सदस्य
(ठ) प्रमुख, शिक्षा शाखा – सदस्य
(ड) प्रमुख, स्वास्थ्य शाखा – सदस्य
(ढ) प्रमुख, गाँउपालिका अस्पताल तथा स्वास्थ्य केन्द्र – सदस्य
(ण) उच्च मा.बी का प्रधानाध्यकहरू – सदस्य
(त) वातावरण निरिक्षक अधिकृत – सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ ।

३५. **समितिको काम, कर्तव्य र अधिकारः-** वातावरण संरक्षणतथा फोहरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वातावरण संरक्षणतथा फोहरमैला व्यवस्थापन सम्बन्धी नीति,कार्यविधि तर्जुमा गरी स्वीकृतिको लागि गाँउपालिका समक्ष पेश गर्ने,

(ख) वातावरण संरक्षणतथा फोहरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरुबीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

(ग) फोहरमैला व्यवस्थापनको लागि गाँउपालिकाले शुल्क निर्धारण गर्नको लागि सेवा शुल्क निर्धारण गर्न मापदण्ड तयार गरी स्वीकृत स्विकृतिको लागि गाँउपालिकामा सिफारिश गर्ने,

(घ) वातावरण संरक्षणतथा फोहरमैला व्यवस्थापन एकीकृत रुपमा गर्न गाँउपालिकाले कुनै लगानी गर्नु पर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकम तय गर्नेतथा सिफारिश गर्ने,

(ङ) वातावरण संरक्षणतथा फोहरमैला व्यवस्थापनको लागि योजना, कार्यक्रम तर्जुमा गरी गाँउपालिकामा सिफारिश गर्ने,

(च) वातावरण तथा फोहरमैला व्यवस्थपनको अनुगमन गर्ने र कार्वाहीको लागि गाँउपालिकामा सिफारिश गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

३६. **समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–८
## कसूर तथा सजाय

३७. **कसूरः** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः–

(क) गाँउपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न गाँउपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) गाँउपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
(ध) उधोग तथा कल कारखानाले ध्वनी, धुँवा तथा अन्य माध्यमबाट प्रदुषण बढाउने कार्य गरेमा ।
(न) फोहर तथा प्रदुषण बढाउने कार्य गरेमा ।
(प) सार्वजनिक स्थलमा ढल वा फोहर पानी फाली प्रदुषण गरेमा ।
(फ) वधशाला वा मासु पसलबाट तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा पशु वध गरेमा ।

३८. **सजायः** (१) दफा ३७ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाँउपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ३७ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ३७ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(४) दफा ३७ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैया"सम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(५) दफा ३७ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा ३७ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(७) दफा ३७को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले तीस हजार रुपैयादेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा ३७ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा ३७ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१०) दफा ३७ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैया"सम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(११) दफा ३७ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(१२) दफा ३७ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले ध्वनी, धुवाँ तथा अन्य माध्यमबाट प्रदुषण बढाउने उधोग तथा कलकारखानालाई प्रथम पटक भए चेतावनी दिने वा रू १०,०००। सम्म जरिवाना गर्ने, दोस्रो पटक भए रू ५०,०००। सम्म जरिवाना गर्ने,तेस्रो पटक भए रू ७५,०००। सम्म जरिवाना गरी उधोग कलकारखाना बन्द समेत गराउन सक्नेछ । प्रदुषणका कारणले कुनै ब्यक्ति, समुदाय वा संस्थालाई हानि नोक्सानी पुगेको ठहरेमा उचित क्षतिपूर्ती समेत भराउन सकिनेछ । प्रदुषणयुक्त स्थल सफा गर्दा लागेको खर्च समेत सम्बन्धित पक्षबाट भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

(१३) दफा ३७ को खण्ड (न) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले प्रदुषण बढाउने व्यक्ति वा संस्था वा व्यापारिक प्रतिष्ठानले सार्वजनिक स्थालमा फोहर लगायत अन्य प्रदुषणयूक्त सामाग्री फाली प्रदुषण गर्नेलाई प्रथम पटक भए चेतावनी दिई वा रू ३,०००। सम्म जरिवाना गरी त्यस्तो प्रदुषणयूक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउन सकिनेछ । दोस्रो पटक भए रू ५०,०००। सम्म जरिवाना गर्ने, तेस्रो पटक भए रू ७५,०००। सम्म जरिवाना गरी उधोग कलकारखाना बन्द समेत गराउन सक्नेछ । प्रदुषणका कारणले कुनै ब्यक्ति,सामुदाया वा संस्थालाई हानि नोक्सानी पुगेको ठहरेमा उचित क्षतिपूर्ती समेत भराउन सकिनेछ । प्रदुषणयुक्त स्थल सफा गर्दा लागेको खर्च समेत सम्बन्धित पक्षबाट भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ । सार्वजनिक स्थालमा फोहर लगायत अन्य प्रदुषणयूक्त सामाग्री फाली प्रदुषण गर्नेलाई दोस्रो पटक भए रू १०,०००। सम्म जरिवाना गरी त्यस्तो प्रदुषणयूक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउन सकिनेछ । सार्वजनिक स्थालमा फोहर लगायत अन्य प्रदुषणयूक्त सामाग्री फाली प्रदुषण गर्नेलाई तेस्रो पटक भए रू २५,०००। सम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो प्रदुषणयूक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

(१४) दफा ३७ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले सार्वजनिक स्थान वा निषेधित स्थानमा ढल वा फोहर पानी फाली प्रदुषण गर्नेलाई प्रथम पटक भए चेतावनी दिई रू २,०००। सम्म जरिवाना गर्न सकिनेछ ।, सार्वजनिक स्थान वा निषेधित स्थानमा ढल वा फोहर पानी फाली प्रदुषण गर्नेलाई दोस्रो पटक भए रू ५०,०००। सम्म जरिवाना गर्ने,तस्रो पटक वा सो भन्दा वढी पटक भए रू १,००,०००। सम्म जरिवाना गर्न सकिनेछ । त्यस्तो प्रदुषणयूक्त स्थान सफा गर्दा लागेको खर्च समेत सम्बन्धित पक्षबाट भराउन सकिनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

(१५) दफा ३७ को खण्ड (फ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा राँगा, भैसी वउ वंगुर बध गरी प्रदुषण बढाउनेलाई पहिलो पटक भए आवश्यक चेतावनी दिई रू ५,०००। सम्म जरिवाना, दोस्रो पटक भए रू १०,०००। सम्म जरिवाना गर्ने,तस्रो पटक वा सो भन्दा वढी पटक भए रू २५,०००। सम्मका दरले पटकै पिच्छे जरिवाना गर्न सकिनेछ ।

(१६) दफा ३७ को खण्ड (फ) बमोजिमको कसूर गर्नेलाई गाँउपालिकाले तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा खसी, कुखुरा, हाँस आदि वध गरी प्रदुषण बढाउनेलाई पहिलो पटक भए आवश्यक चेतावनी दिई रू २,०००। सम्म जरिवाना, दोस्रो पटक भए रू ५,०००। सम्म जरिवाना गर्ने,तस्रो पटक वा सो भन्दा वढी पटक भए रू १०,०००। सम्मका दरले पटकै पिच्छे

जरिवाना गर्न सकिनेछ । प्रदुषणयूक्त स्थानबाट फोहर हटाउदा लागेको खर्च समेत सम्बन्धित पक्षबाट भराउन सकिनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

(१७) कसैले दफा २९ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा गाँउपालिकालेत्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ देखि लाख दश रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१८) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा गाँउपालिकाले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३९. **सेवा सुविधा रोक्का गर्न सकिनेः**

(१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको गाँउपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि गाँउपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

४०. **क्षतिपूर्ति भराईदिने:**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा हानिकारक फोहरमैलाको सिर्जना वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनका सम्बन्धमा तोकिएको अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानि नोक्सानी भएको ठहर्‍याएमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१०
# विविध

४१. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने:**

वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाँउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहि राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका थप सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

४२. **सरकारवादी हुनेः**

दफा ३५ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूरमा नेपाल सरकारवादी भई मुद्दा चल्नेछ ।

४३. **पुनरावेदन:**

गाँउपालिकाले वा तोकिएको अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्नेले सो निर्णय वा आदेश भएको मितिले पैंतीस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४४. **कार्यविधि अपनाउनु पर्ने:**

गाँउपालिकाले वा तोकिएको अधिकारीले यस ऐन बमोजिमको कुनै काम कारवाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

४५. **नियम बनाउने अधिकार:**

गाँउपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४६. **निर्देशिका बनाउने सक्ने:**

गाँउपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४७. **अडकाउ फुकाउने अधिकार:** यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाँउपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाँउपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४८. **बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयहरूका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधान, संघीय कानून र प्रादेशिक कानून संग बाझिएका यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले

नारायण प्रसाद अधिकारी

प्रमखु प्रशासकीय अधिकृत